**पाहुनाको स्वागतबाट उठेको पैसाले संग्रहालय निर्माण गर्दैछन् महिलाहरू**
*सरोजा सिग्देल*

म्याग्दीको पर्यटकीय गाउँ घोडेपानीका महिलाले पाहुनाको स्वागतमा नाचगान गरेर उठेको रकमले गाउँमै संग्रहालय खोलेका छन् । पर्यटकलाई मगर संस्कृति चिनाउने उद्देश्यले उनीहरूले 'मगर संग्रहालय' खोलेका हुन् । हिमाली दृश्य, सूर्योदय र सूर्यास्त हेर्न चर्चित ठाउँ 'पुनहिल' आउने पर्यटकको बासस्थल नै घोडेपानी बजार हो । यो बजार म्याग्दी जिल्लाको शिख गाविस( १ मा पर्छ । यहाँको 'घोडेपानी आमा समूह' ले २ लाखभन्दा बढी खर्च गरी संग्रहालय बनाएका छन् ।

संग्रहालयमा मगर जातिले प्रयोग गर्ने भाँडावर्तन, ढिकी, जाँतो, स्याखु, चकटी, ताप्के, कन्ती, लालटिन, थाल राखिएका छन् । त्यस्तै आँसी, कुटो, ठेकी, चर्खा, कपडा, भाँग्रा, पेरुङ्गो, डाली लोभलाग्दो गरी सजाइएको छ । संग्रहालयमा मगर गहना, मुगा, जन्तर, कन्ठी, औंठी, बाला, पोते आदि पनि छन् । रक्सी पार्ने सामान, घट्ट, डोको आदिका नमुना पनि उक्त संग्रहालयमा राखिएका छन् । घोडेपानी आमा समूहकी सदस्य पुनम पुनका अनुसार यी सामान वरिपरिका मगरगाउँबाट बटुलिएका हुन् । खिबाङ्ग, हिस्तान, शिख र फलाँटेबाट केही किनेर र केही मागेर ल्याइएको पुनमले बताइन् । समूहकी पूर्वअध्यक्ष धनिषा पुन भन्छिन्, 'अझै धेरै सामान जम्मा गर्ने सोचाइमा छौं । टाढा(टाढाका गाउँ पुगेर पनि सामान बटुल्छौं ।'

पुन मगरको बस्ती हो घोडेपानी बजार । बजारको बीचमै २०५९ वैशाखमा संग्रहालय खोलिएको हो । बीसको दशकदेखि यो गाउँमा पर्यटकको चहलपहल सुरु भएको हो । तर, चालीसको दशक आइपुग्दा गाउँमा मगर संस्कृति हरायो । सबै मगर आधुनिक भेषभूषा र रहनसहनमा बस्दै आएका छन् । 'त्यसैले पाहुनालाई मगर जातिको संस्कृति संग्रहालयबाटै चिनाउने प्रयास गरेका हौं', समूहकी कोषाध्यक्ष गुनकुमारी पुनले बताइन् । संग्रहालय हेरेको पैसा तिर्नुपर्दैन । संग्रहालय हेरर दंग परेका मनकारी पर्यटकले यहाँको चन्दाबाकसमा रकम खसाल्ने गरेका छन् ।

आमा समूह पाहुनाको चाहनाअनुसार राति नाचगान गरेर पाहुनालाई खुसी बनाउँछ । पाहुना पनि खुसी भएर उनीहरूलाई पैसा दिन्छन् । यति नै पैसा चाहिन्छ भनेर समूहले तोक्दैन । समूहबद्ध भएर आएका पर्यटकले एक हजारदेखि १२ सयसम्म दिने गरेका छन् । यो पैसा गाउँकै विकासमा खर्च हुने गरेको छ । समूहको कोषमा ४ लाखभन्दा बढी रुपैयाँ जम्मा भइसकेको छ । संग्रहालय भवन पनि आमा समूहकै सक्रियतामा बनेको हो । समूहको २ लाख, लज व्यवस्थापन समिति घोडेपानीको २ लाख र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको ४ लाख गरी ८ लाखमा भवन बनाइएको हो । यो ८ कोठे संग्रहालय भवनको माथिल्लो तलामा एक्याप कार्यालय र तल्लोमा संग्रहालय छ ।

यहाँका आमाहरू जागरुक छन् । उनीहरूले पुनहिलमा सार्वजनिक शौचालयसमेत बनाएका छन् । त्यस्तै पदयात्रामार्गमा ढुंगा ओछ्याउने, भत्किएमा बनाउने काम गर्दै आएका छन् । समूहले महिनाको १ गते गाउँको सरसफाइ गर्दै आएको छ । जाँडरक्सी खाएर हो(हल्ला गर्नेलाई नियन्त्रण गर्ने काममा समेत महिलाको सक्रियता छ । घोडेपानीमा ४२ घर छन् । तीमध्ये २ दर्जन गेष्टहाउस छन् भने बाँकीचाहिँ रेष्टुराँ । गेष्टहाउस तथा रेष्टुराँ महिलाले नै धानेका छन् । तन्नेरी जति कोही लाहुर, कोही काठमाडौं, कोही पोखरा बस्ने भएकाले अतिथि सत्कारको जिम्मा महिलाले लिएका हुन् । यिनीहरूको मीठो आत्मीयता र व्यवहारले पर्यटक मख्ख पर्छन् । दुई सिजन फागुनदेखि जेठसम्म र भदौदेखि मंसिरसम्म यहाँ पर्यटक आउँछन् । तीन वर्षअघिसम्म यहाँ सिजनमा दैनिक ३ सयसम्म पर्यटक आउँथे । त्यसपछि देशको अशान्ति र बेथितिले पर्यटक स्वात्तै घटेका छन् ।

घोडेपानीबाट एक घन्टा उकालो हिंडेपछि पुनहिलको टाकुरामै पुगिन्छ । ३ हजार २ सय १० मिटर अग्लो पुनहिलबाट हिमालका मनोरम दृश्य देखिन्छन् । यहाँबाट धौलागिरी, गुर्जा, टुकुचे, धम्पुस, नीलगिरी, अन्नपूर्ण, लमजुङ र माछापुच्छ्रेसहित ११ हिमालीशृङ्खला छर्लंगै देखिन्छन् ।
अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले यो क्षेत्रको वातावरण जोगाउने काम गरिरहेको छ । यहाँको आमा समूहले वातावरण जोगाउन गरेको प्रयास प्रशंसनीय भएको एक्यापका निर्देशक गेहेन्द्र गुरुङ बताउँछन् ।

घोडेपानी, पुनहिल एकदमै सफा छ । गाउँको फोहोर व्यवस्थापन आमा समूहकै सक्रियतामा भइरहेको छ । घोडेपानी लज व्यवस्थापन समितिका अध्यक्ष नारायणसिंह पुन भन्छन्, 'हामी मिलेर गाउँमा पर्यटनको विकासमा जुटेका छौं ।' घोडेपानी पुग्न पोखराबाट ४२ किलोमिटर पश्चिम बागलुङ राजमार्ग हुँदै जानुपर्छ । नयाँपुल पुगेपछि राजमार्ग छोडेर वीरेठाँटी पुगिन्छ । वीरेठाँटीमा दुई बाटा छन् । देब्रे बाटोबाट गए तिखेढुंगा हुँदै ८ घन्टाको पैदलमा पुगिन्छ । दाहिने बाटो गए ६ घन्टा हिंडेर पर्यटकीय गाउँ घान्द्रुकमा बास बस्नुपर्छ । त्यसको भोलिपल्ट ८ घन्टा हिंडेर घोडेपानी पुगिन्छ ।

**सासूहरूमा आएको परिवर्तन**
*बबिता बस्नेत*

'पहिला(पहिला मैले बुहारीलाई निकै हेला गरें, कहिलेकाहीँ त मेरो छोरालाई मार्ने यही हो जस्तो पनि लाग्थ्यो, त्यसो त छोरो जीवित छँदा पनि मैले उसलाई कहिल्यै राम्रो गरिनँ, मेरो छोरालाई उसले भड्काउने हो कि जस्तो लाग्थ्यो र म आफूलाई असुरक्षित महसुस गर्थें । तर, हिजोआज ऊ नै मेरो एक मात्र सहारा बनेकी छ । मेरी बुहारी प्रभाबिनाको जीवन म कल्पना पनि गर्न सक्दिन ।' ललितपुर ठेचो निवासी ५४ वर्षीया राधिका शर्माका भनाइ हुन् यी । राधिकाका जीवनमा थुप्रै बसन्त र शिशिरहरू आए(गए तर बितेका पाँच वर्षले उनको जीवनमा ठूलो परिवर्तन ल्याइदिएको छ । ४९ वर्षको उमेरमा आफ्नो एक मात्र सन्तानले कहिल्यै नफर्कने गरी चटक्कै छोडेर जाला भनेर उनले कल्पनै गरेकी थिइनन् । पाँच वर्षअघि मोटरसाइकल दुर्घटनामा उनको छोराको मृत्यु भएको थियो । ३८ वर्षको उमेरमा आफू विधवा हुनुपर्दाको पीडा त उनीसँग छँदै थियो, त्यसमा पनि आफू एक्लो भएको ठीक ११ वर्षपछि पुत्रशोक थपियो । आफ्नो छोरो जीवित हुञ्जेल बुहारीलाई उनले कहिल्यै राम्रो मुखले बोलाइनन् जुन कुराले अहिले पनि उनलाई पिरोलिरहन्छ । अहिले उनी सोच्छिन्, 'यतिबेला मेरो छोरा बाँचिरहेको भए हामी सासू(बुहारी मिलेको देखेर कति खुसी हुने थियो होला ।' उनी भन्छिन्, 'छोराको मृत्युपछि पनि केही समयसम्म त म बुहारीको नजिक हुन सकिनँ । नातिलाई भने जतिबेला पनि च्यापिरहन मन लाग्थ्यो । तर बिस्तारैबिस्तारै मलाई लाग्यो कि मेरो छोराले उससँग दुःखसुख बाँडेको छ, उससँग हाँसेको छ, रोएको पनि होला… उसलाई छोएको छ… मैले मेरो छोराको स्पर्श बुहारीमा पाएँ ।'

इन्दिरा शर्मा अर्की सासू हुन् जो आफ्नी बुहारीका निम्ति मात्र होइन, गाउँमा अरूका बुहारीहरूबीच पनि प्रेरणाकी स्रोत बनेकी छिन् । 'जिन्दगी लामो छ, एक्लै भएँ भनेर आँट र हिम्मत गुमाउनुहुँदैन । हामीले एक्लो भएपछि एक वर्षसम्म घरको ढोका काटेनौं तर तिमीहरूले अगाडि बढ्नुपर्छ ।' उनी यसै भनेर सम्झाउँछिन् युवा एकल महिलाहरूलाई । एकल महिलाको सशक्तीकरणका लागि भनेर 'महिलाका लागि मानव अधिकार' भन्ने संस्था खुलेको करिब १० वर्ष भयो, जसलाई एकल महिला समूह पनि भनिन्छ । आफ्ना डाक्टर पति शाही नेपाली सेनाबाट शान्ति स्थापनार्थ इराक गएको बेला सन् १९९२ को खाडीयुद्धमा मारिएपछि लिली थापाले अकस्मात आफ्ना सम्पूर्ण कुरा गुमाएको अनुभव गरिन् । तीनवटा बच्चाको जिम्मेवारी, आफ्नो भविष्य सबै अँध्यारो भएको महसुस गर्दै उनी लामो समयसम्म विचलित भइन् । तर, जिन्दगी त चलाउनु नै थियो, क्रमशः आँट र हिम्मत जुटाउँदै उनी अगाडि बढिन् । आफू पद्मकन्या क्याम्पसमा पढाउँदै निजी स्कुल पनि सञ्चालन गरिन् । उनी भन्छिन्, 'म आफू त व्यस्त थिएँ, जसोतसो आफूलाई भुलाउँदै थिएँ, तर मलाई लाग्यो कि म जस्तै अरू कति एक्ला महिला होलान् र ती मभन्दा बढी सहाराहीन होलान्, मैले उनीहरूको निम्ति केही गर्नुपर्छ । यही सोचले मलाई एक्ला महिलाहरूका निम्ति संस्था खोलेर अगाडि बढ्न प्रेरित गर्‍यो ।' अहिले सो संस्था एक्ला महिलाहरूको दुःखसुख बाँड्ने साथी मात्र भएको छैन, हिम्मत जुटाएर अगाडि बढ्ने आधार पनि बनेको छ । गह्रुँगो मन र आँखाभरि आँसु लिएर त्यहाँ पुग्ने महिलाहरूलाई लिली भन्छिन्( 'आफू यसरी रोएर विचलित हुने होइन अब त हामीले अरूको आँसु पुछ्नुपर्छ तर, कहिलेकाहीँ त उनको पनि मन थामिँदैन, जब १७/१८ वर्षका युवतीहरू सेतो बस्त्रमा बेरिएर आउँछन् र भन्छन्( 'श्रीमान्‌को मृत्युपछि घरमा सबैले हेला गरे र बाबुआमाको सहमतिबिना नै प्रेमविवाह गरेर गएकाले माइती जाने बाटो पनि मेटिएको छ ।' एकल महिला समूहमा सम्बद्ध भएपछि कतिपय महिलाले आफूले पास्नीदेखि लगाउँदै आएको रातो लुगा लगाउन हुन्छ भन्ने मान्यतालाई गाउँगाउँमा स्थापित गर्दै गएका छन् । 'दशैंमा सबैले रातो टीका लगाउँदा र आफ्नो निधारमा भने पहेंलो टीका देख्दा साह्रै नरमाइलो लाग्थ्यो तर अहिले त मेरा सासूससुराले नै रातो टीका लगाइदिनुहुन्छ', बर्दियाकी एक एकल महिलाको भनाइ छ । गत सालदेखि बर्दियाका धेरैजसो एकल महिलाले रातो पहिरन र रातो टीका लगाउन थालेका छन् । 'राम्री हुनलाई होइन रंगले पनि मानिसको जीवनमा हिम्मत बढाउने रहेछ' एकल महिला समूहमै कार्यरत मनु कार्कीकी सासू रामेश्वरी कार्की भन्छिन्, 'पहिलापहिला जब मेरी एकल बुहारीले हातमा चुरा लगाई त्यतिबेला केही गाउँलेले कुरा काटे, तेरी बुहारी हातमा चुरा लगाएर हिंड्छे तेरो छोराको सतमा बस्ली र ? तर खै बुहारी बसेकै छ, छोराछोरीको लालनपालन गरेकै छ ।'

छरछिमेक र परिवारमा हुने शुभकार्यहरूमा एकल महिलालाई सहभागी नबनाइँदा आफूहरूले अत्यन्तै अपहेलित महसुस गर्ने गरेको एकल महिलाहरू बताउँछन् । 'एकपटक नजिकका नातेदारको विवाहमा मैले पनि साइतको सामानसहितको किस्ती बोकेकी थिएँ, केहीछिनपछि एक नातेदार नै आएर भनिन्, 'ए, तिमी बस बा, भैगो दुःख नगर ।' पहिला त मैले के दुःख हुन्छ र ? भने तर जब मेरो हातबाट किस्ती खोसियो त्यसपछि पो म झसँग भएँ र आफूलाई निकै अपहेलित महसुस गरें ।' काठमाडौंकी एक खान्दानी भनिने परिवारकी एकल महिलाको अनुभव छ । तर, यस्ता कुसंस्कारहरूलाई पनि हिजोआज कतिपय सासूहरूले तोड्दै आएका छन् । बर्दियाकी पवित्रा स्वाँर त्यस्तै सासूहरूमध्ये पर्छिन् । आफ्नो छोरालाई माओवादीले हत्या गरिदिएपछि बुहारी निशा स्वाँरलाई अगाडि बढाउन उनी प्रयत्नरत छिन् । 'निशाले राम्रो काम पाओस् र आत्मनिर्भर बनेर अगाडि बढोस्, बच्चा हेर्ने म छँदैछु नि', उनी भन्छिन् । सासूले माया गरेपछि अरू कसैले हेप्न नसक्ने धारणा निशाको छ ।

एकल बुहारीहरूलाई कतिपय घरपरिवारका सदस्यहरूले विवाह गर्न प्रेरित गरेका उदाहरणहरू पनि छन् । तर, विवाह नै समस्याको समाधान भने होइन । आफूलाई बुझ्ने जीवनसाथी पाएमा एकल महिलाले विवाहका लागि पनि सोच्नुपर्छ तर आत्मनिर्भरतापछिको विवाह उनीहरूका लागि बढी उपयुक्त हुन सक्छ । कतिपय सासूससुराहरूले हिजोआज यो विषयमा पनि सोच्न थालेका छन् । विवाह गरेको छ महिना नबित्दै लोग्नेले आत्महत्या गरेको भए पनि गोदावरीकी कुसुमले घरपरिवारका सदस्यहरूबाट पाएको मायालाई एकल महिलाले लोग्नेको परिवारबाट पाएको मायाको उदाहरणकै रूपमा लिनुपर्छ । पोखरेलकी

छोरी कुसुमले मगराती परिवारमा विवाह गरेकी थिइन् । अहिले उनी श्रम विभागद्वारा महिलाहरूलाई दिइने छ महिने सीप विकास तालिममा सहभागी भएकी छिन् । तालिम अवधिभर उनले श्रम विभागकै होस्टेलमा बस्नुपर्छ । उनका ससुरा र जेठाजु बेलाबेलामा बुहारीलाई भेट्न खाजा लिएर आउँछन् र हिँड्ने बेलामा ससुराले सधैं सोध्ने गर्छन्, 'अर्कोपल्ट तिमीलाई के ल्याइदिऊँ ? आमा (सासू) ले बुहारीलाई के खान मन लागेको छ सोधेर आउनू है भनेकी छन् ।' एकल महिला समूहसँग सम्बद्ध रमा श्रेष्ठ भन्नुहुन्छ, 'त्यति माया त आफूलाई जन्म दिने बाबुआमा पनि सबैले गर्दैनन् ।' सुरुमा तालिममा राख्ने बेलामा हामीले कुसुमका जेठाजुलाई सोधेका थियौं, उहाँले भन्नुभयो, 'घरमा बसेर के गर्नु र ? तालिम पाए उनले केही सिक्छिन् । बेलाबेलामा हामी भेट्न आइहाल्छौं । उनले जतिसक्दो धेरै काम सिकून् र राम्रो मान्छे बनून् ।'

### दशैं र तिहार मनाउन शरणार्थी महिला शिविरमै मदिरा उत्पादन गर्न थाले
*शंकर खरेल*

शुक्रमाया क्षेत्री १५ वर्षअघिको दशैं र तिहार सम्झँदा गहभरि आँसु पार्छिन् । दक्षिण भुटानका खान्दानी परिवारमा गनिने उनको घरमा विपन्नहरूको भीड लाग्थ्यो खाद्यान्न लिन । अहिले उनलाई समयले विपन्न बनाएको छ । शरणार्थी भएर बस्नुपरेको छ । शिविरमा शरणार्थी भएर बस्दा आम्दानीको कुनै दरिलो स्रोत छैन उनीसँग ।

दशैं र तिहार कसरी मनाउने भन्ने पीरले सताउन थालेको छ उनलाई । त्यसैले उनी अहिले मोरङको शनिश्चरे शिविरमा पर्वका लागि खर्च जुटाउन खाद्यान्नको मदिरा उत्पादन गर्न थालेकी छिन् । कानुनतः शरणार्थीका लागि वर्जित मानिए पनि क्षेत्री पर्वमा खर्च जुटाउन उक्त काम गर्न बाध्य भएकी छन् । दातृसंस्थाहरूले उपलब्ध गराएको खाद्यान्नबाट उत्पादित मदिरा नजिकको पथरी बजारसम्म पुर्‍याएर केही रकम जम्मा गर्छिन् उनी ।

भुटान सरकारले दक्षिणमा रहेका बहुसंख्यक भुटानीलाई धपाएपछि क्षेत्रीजस्ता असंख्य धनाढ्य मात्र होइनन् हातमुख जोर्न धौधौ भएका गृहणीहरू पनि अहिले आम्दानीको खोजी गर्न थालेका छन् ।
'शिविरबाहिर गएर काम गर्न सुरक्षाकर्मीले दिँदैनन्, भित्र बसेर साप्ताहिक रूपमा पाउने खाद्यान्न जोहो गरेर लोकल रक्सी उत्पादन गर्नुबाहेक कुनै उपाय रहेन' उनी भन्छिन्( 'पोहोर सालको दशैं र तिहारको खर्च पनि रक्सी उत्पादनबाटै भएकाले यसपटक फेरि सुरु गरेकी हुँ ।'

मोरङ मात्र होइन, झापाका विभिन्न ७ शिविरमा धेरैजसो महिला अहिले सहयोगबापत प्राप्त खाद्यान्न जोगाएर मदिरा उत्पादन गरी पर्व धान्न सक्रिय छन् । 'दैनिक रूपमा पाउने ७ सय ग्राम चामललगायत दाल र अन्य खाद्यान्न जोहो गरेर रक्सी उत्पादन गर्छौं' बेलडाँगी शिविरकी भुटनी गजमेरले भनिन् ।

हिन्दू भएकाले उनीहरूको मन अरूले रातो टीका, नयाँ लुगा लगाएको देख्दा मन थामिदोरहेनछ । अनि तिहारमा शिविरबाहिर झिलिमिली बत्ती बलेको, सेल पकाएको, मीठो खाएको देख्दा शिविरभित्र कैदजस्तो गरी बस्ने उनीहरूको दिनचर्याले परिवर्तन खोज्छ नै । 'चोरेर खानु राम्रो होइन, पाएको सुविधा जोहो गरेर केही गर्न खोज्नु नराम्रो हो र ?' पूर्वको अत्यधिक लोकल मदिरा (घर्चुवा वा खोयाबिर्के) उत्पादन गर्ने ठाउँको रूपमा परिचित पथरी बजारको पश्चिममा रहेको शिविरकी शरणार्थी महिला भानुकुमारी बस्नेतले भनिन्, 'यो काम हामी सधैं गर्दैनौं, केवल पर्व आएको बेला खर्च जुटाउन मात्र गर्छौं ।'

उनीहरूले दशैं(तिहारको पूर्वसन्ध्यामा एक महिनाभित्र करिब १० हजार रुपैयाँ जोहो हुने किसिमले रक्सी उत्पादन गर्छन् । कतिपयले वर्षभरि प्रयोग गरेर बचेको खाद्यान्न र अन्य प्राप्त सामान बेचेर रेडियो, टेलिभिजनलगायतका सामग्रीसमेत खरिद गर्ने गरेका छन् । पर्वको पूर्वसन्ध्यामा शरणार्थी महिलाहरूको अगुवाइमा रक्सी उत्पादनबाहेक शिविरभित्रै व्यापार पनि सुरु भएको छ । झापा र मोरङका ८ शिविरमा सामान्य किराना पसलबाहेक खासाका सस्ता कपडा पसल, मीठा परिकारका पसल, तरकारीका नयाँ बजार खुल्न थालेका छन् ।

झापा र मोरङ प्रशासनका अनुसार शरणार्थीले कानुनतः शिविरमा रहेर व्यापार गर्न पाउन्नन् । उनीहरूलाई व्यापार, शिविरबाहिर गएर काम गर्न र मदिरा उत्पादनसमेत बन्द गर्न पटकपटक चेतावनी दिइएको छ । 'तर, उनीहरूले पर्व मनाउने नाममा केही रकम जोगाड गरून् न त भनेर आयआर्जनको कामलाई केही खुकुलो पारिएको हो' झापा प्रशासनका एक कर्मचारीले भने, 'तर, पर्वबाहेक अन्य समयमा हामीले उनीहरूको गलत तरिकाको आयआर्जनसम्बन्धी कामलाई नियन्त्रण गर्दै आएका छौं ।'

शिविरमा केही काम नहुने भएकाले एक्लिएका शरणार्थी महिलाका लागि पनि समय कटाउने माध्यम बनेको छ । 'उनीहरूलाई मदिरा उत्पादन गर भनेर प्रशासनले निर्देशन दिएको छैन, प्रमाणसहित पक्राउ पर्‍यो भने सुविधा कटौतीलगायतका कानुनी कारबाही हुन्छ' ती कर्मचारीले थपे ।

पथरी बजारका मदिरा उत्पादकहरूका अनुसार मोरङको शनिश्चरे शिविरबाट मात्र दैनिक करिब ५० ग्यालेन लोकल रक्सी पथरी, इटहरी, दमकलगायतका स्थानीय बजारमा पुग्छ । 'पर्वको पूर्वसन्ध्यामा मात्र होइन अन्य बेला पनि शिविरमा मदिरा उत्पादन हुन्छ' एक होटल पसलेले भने, 'प्रशासनले यसमा कडाइ गरेको छैन, शरणार्थीले सहयोगको दुरुपयोग गरेका छन् ।' त्यसो त शिविरमा आयआर्जनका राम्रा कामहरू पनि सञ्चालन नभएका होइनन् । शरणार्थी महिलाहरूको सक्रियताबाट शरणार्थी शिविरहरूमा सिलाइबुनाइ, तरकारी बिक्री(वितरणजस्ता काममा पनि महिला लागेका छन् । तर, यहाँ उत्पादन गरेको सामानले बजारमा राम्रो मूल्य नपाउने र बिक्री विरलै हुने हुँदा महिलाहरू छिटो आम्दानी हुने काममा बढी लागेका पाइन्छन् । त्यसो त शरणार्थी महिलाहरूले रक्सी उत्पादन गर्दा होसियारी धेरै नै अपनाउनुपर्छ । 'प्रहरीले देख्नासाथ कि पैसा माग्छ दिएन भने ग्यालेनको रक्सी पोखिदिन्छ' शरणार्थी क्षेत्रीले भनिन्, 'नेपालीसँग अनुहार र भाषा मिलेकाले पनि उनीहरूले भुटानी शरणार्थी भनेर नराम्रो व्यवहार भने गर्दैनन् ।'
'सिलाइबुनाइ गरिएका र हस्तकलाका सामान बनाएर बजारमा पठाउँदा उचित मूल्य नै पाइन्न' सिलाइबुनाइको काम छोडेर शिविरमा पसल थापेकी एक महिलाले भनिन्, 'दैनिक खर्च धान्न, पर्वमा रमाइलो गर्न पनि कानुनमा वर्जित काम गर्नु हाम्रो विवशता हो ।'

केही वर्षअघि शरणार्थीहरूले काम खोसेको भनी स्थानीय वासिन्दासँग उनीहरूको झगडा भएपछि पुरुषहरू अहिले शिविरबाहिर एकदमै कम निस्किन्छन् । 'आयआर्जनका सबै काम धेरैजसो शरणार्थी महिलाले गर्ने गरेका छन्', एक शरणार्थी महिलाले भनिन्, 'नेपाल सरकार र दातृसंस्थाहरूले शिविरका महिलाहरूका लागि काम गर्न कानुनी मान्यता र रोजगारीका अवसर दिन सके शिविरमा रहेका विकृति हट्ने थिए ।'

**व्यवसायबाटै निर्णायक तहमा पुग्दैछन् बिमलाहरू**
*दीपेन्द्र खनियाँ*

जन्मदादेखि नै अर्काको घरमा जाने जात भन्ने पगरी गुथेर हुर्किएका थुप्रै छोरी त्यतिबेला बल्ल सन्तोषको सास फेर्दछन् जतिबेला उनीहरूका आफ्नै हातले पैसा खेलाउन थाल्छ । अहिले देशमा बढ्दै गएका उद्यमी महिलाहरूको अनुभवले यही कुरालाई प्रमाणित गरेको छ । आफ्नो पाखुराको बलमा मनग्गे पैसा आर्जन गर्न थालेपछि परिवार र समाज सबैतिर मानसम्मान पाएको अनुभव अहिले अधिकांश उद्यमी महिलासँग छ ।

१० वर्षअघि अरूको कारखानामा मजदुरी गर्न जाँदा बिमला रिजाललाई समाजले त्यसबेला गर्ने र अहिले गर्ने व्यवहारमा आकाश(जमिनको फरक छ । काठमाडौं कलंकीस्थित हारतीमा हेण्डिक्राफ्टकी निर्देशक बिमला अचेल धेरैका लागि बिमलादिदी हुनुभएको छ । उहिले कुरा काट्नेहरूले अहिले उहाँको तारिफ गर्छन् । मेरो कुरामा विश्वास गर्नेहरूको संख्या पनि अचेल बढेको पाएकी छु । विद्यालयको अनुहार नै नदेखेकी निरक्षर बिमलाले भनिन्( पढ्न नसक्दा दुःख पाइन्छ कि भन्ने लाग्थ्यो तर आफ्नो परिश्रमले सबै कुरा कल्पना गरेजस्तो भने भएन, मेरो हातले मनग्गे पैसा घरमा भित्र्याउन थालेपछि घरव्यवहारको काममा मेरो सरसल्लाहबिना कसैले पनि निर्णय लिइहाल्दैन । यो सफलता मलाई महिलाका लागि बनेका कानुनले दिएको होइन । मेरो मेहेनत, परिश्रम र जाँगरबाट पाएकी हुँ । हारतीमा हेण्डिक्राफ्टमा करिब सयजना महिलालाई उनले रोजगारी दिएकी छन् । बिमलाजस्तै अन्य महिला उद्यमीले पनि दामसँगै मान र सम्मान पाएको अनुभव गरेका छन् । खुसीको कुरा पनि हो, महिलाले आफ्नो परिश्रमसँगै दाम कमाएका छन् र दामसँगै घरभित्र आफ्नो निर्णय गर्ने क्षमता पनि सँगसँगै भित्र्याएका छन् ।

फूलैफूलको माझमा बसेर आफ्नो विगत सम्झँदा सवनम श्रेष्ठका गला धेरैपटक रोकिए । आँखा रसिला हुँदै गए । हँसिलो अनुहार हेर्दाहेर्दै मलिनो हुन पुग्यो । काठमाडौंको व्यस्त व्यापारिक घर काठमाडौं प्लाजाको आफ्नो कार्यालयमा सवनम भन्दै हुनुहुन्थ्यो, 'मैले कहिल्यै कल्पना गरेकी थिइन । विद्यार्थी जीवनमै मलाई पढाइ सिध्याएपछि के गर्ने होला भन्ने चिन्ता थियो । त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा मास्टर पढ्न पुग्दा विश्वविद्यालयकै चौरमा साथीसँगीसँग छलफल गर्दागर्दै एक्कासि सुरु गरेको व्यवसायले साँच्चै नै मलाई स्वाभिमानी बनाएको छ ।' घरभित्रको मात्र होइन । अहिले हाम्रा कैयौं उद्यमीहरू व्यापारिक क्षेत्रको निर्णायक तहसम्म पुगेका छौं । व्यवसाय सुरु गर्न खोज्दा अवरोध गर्न खोज्ने मेरो परिवारले पछि मैले जीवनकै बारेमा निर्णय गर्दासमेत कोही बोलेन । विवाहका लागि मैले केटो आफैं रोज्दा घरपरिवारका कसैले पनि कुनै अप्ठेरो कुरा गरेनन् । बरु सबैले सघाए, हाँसीखुसी स्वीकृति दिए । सवनमले भनिन्( मलाई लाग्छ( पैसा र आत्मनिर्भरताका अगाडि अधिकार टाढाको कुरा हुँदोरहेनछ । यो एउटी आत्मनिर्भर छोरीले पाएको सफलताको अभिव्यक्ति हो ।

एउटी उद्यमी महिला सवनम श्रेष्ठको भनाइलाई सापटी लिने हो भने गरे के हुँदैन र ? सवनम विगत आठ वर्षदेखि सञ्चालन भइरहेको विमेन इन फ्लोरिकल्चर नामक फूलको व्यापार गर्ने व्यावसायिक संस्थाकी सदस्य हुन् ।

संस्थाकी अर्की सदस्य ज्योति प्रधानको अनुभव छ, 'अहिले म व्यवसायमा लागेपछि परिवारका सदस्यले मलाई सम्झिन थालेका छन् । नजानिँदो पारामा घरमा मेरो पनि महत्व बढ्न थालेको छ', अविवाहित ज्योतिले आफ्नो सफलता यसरी सुनाइन् ।

बलेको आगो सबैले ताप्छन् । यही नेपाली उखानजस्तै भएको छ अहिले उद्यमी महिलाहरूको दिनचर्या । तर, दियो एउटाले बाल्छ र धेरैले ताप्छन् तर महिला उद्यमीहरू आफैं बलेका छन् र अरूलाई तातो दिएका छन् । पुरुष भएकोमा गर्व गर्नेहरू र छोरीलाई दोस्रो दर्जाको सन्तान ठान्नेहरूका लागि गतिलो पाठ सिकाएका छन् महिला उद्यमीहरूले ।

सवनम भन्छिन्( निर्णायक तहमा महिलाको अधिकार पुर्‍याउन कसैसँग पनि मागिराख्नुपर्ने कुरा होइन । तर, हाम्रो देशको आधा जनसंख्या अहिले पनि आफ्नो उज्यालो भविष्यको कल्पनामा अधिकारको भीख माग्न बाध्य छ । व्यवसाय सुरु गर्ने बेलामा मेरापछाडि थुप्रै कुरा काटिएका थिए । बिमलाले केटी जम्मा पारेर बम्बै पुर्‍याउन आँटी कि क्या हो ? भन्नेसम्मको कुरा गाउँमा चलेछ । तर, कुरा काट्नेहरूले काटिरहे । घरमा पनि सामान्य त्रासको वातावरण रहँदारहँदै मैले ठूलो आँट गरें । आफ्नो नाममा रहेको केही जग्गा बेचें । अनि लगभग ६०(७० हजारको पुँजीबाट यो व्यवसाय सुरु गरेकी हुँ । साँच्चै अहिले सम्झँदा डर लाग्छ( व्यवसाय घाटामा गएको भए मेरो के हालत हुन्थ्यो होला ?

तर, अहिले मेरो व्यवसायले देश(विदेश छाएको छ । परिवार र समाजमा मेरो कुरा सुन्न थालिएको छ । अरूले मलाई हेर्ने दृष्टिकोण फेरिएको छ । मानसम्मान पाएकी छु । ममा निर्णय लिने क्षमता बढ्दै आएको छ । यो सबै कुरा मलाई मेरो मेहेनतसँगैको आम्दानीले दिएको हो( बिमला भन्छिन् ।
यसैगरी, फूल व्यवसायी ज्योति प्रधान भन्छिन्( उद्योग व्यवसाय गर्न कम्मर कसेका उत्साही महिलालाई सरकार नै सहयोगी संस्था भइदिनुपर्छ । नत्र यसै त असहज परिस्थिति देखिएको मानसिकताबाट माथि उठ्न खोज्ने हामी महिलाले सोचेको जस्तो सफलता पाउन सक्दैनौं । राज्य आफैंले महिलालाई माथि उठाउन र निर्णायक तहमा पुर्‍याउन प्रयास त गर्नुपर्छ नै ? नभए त घर, समाज र देशको निर्णायक तहमा आधा जनसंख्याको प्रतिनिधित्व कहिले पुग्ने ?

**न्यायको ढोकासम्म पुग्न नसक्दा पीडित छन् दाङका महिलाहरू**
*शरद अधिकारी*

श्रीमान्को मृत्युपछि दाङ नारायणपुर गाविस(७ की रामकुमारी चौधरीले सासू र ससुराबाट यातना खेप्दै आइरहेकी छिन् । तीन वर्षअघि लोग्ने गुमाएकी रामकुमारीको काँधमा एकतिर चार छोराछोरीलाई लालनपालन गर्नुपर्ने बाध्यता छ भने अर्कोतिर सासूससुराको शारीरिक एवं मानसिक यातनाले उनलाई अझ बढी पीडा दिएको छ ।

श्रीमान्को आकस्मिक मृत्यु भएपछि छोराछोरीलाई हुर्काउन मात्र नभई लेखपढ गराउने जिम्मेवारी उनको काँधमा परेको छ । श्रीमान् छँदासम्म सासूससुराबाट कहिल्यै असहयोग नपाएको बताउने रामकुमारी पछिल्ला दिनको अवस्थाका बारेमा बताउन चाहन्नन् । छोराछोरीलाई हुर्काउन(बढाउन श्रीमान्को भागमा परेको अंश माग गर्नु नै उनको यातनाको कारण बनेको छ यतिबेला । सासूससुराको यो निन्दनीय कार्यमा देवरले समेत साथ दिएका छन् ।

अंश माग गर्नका लागि चाहिने नागरिकता देवरले जलाइदिएका छन् । प्रतिलिपि लिनका लागि जिप्रकासम्म आउने साक्षीसमेत उनले भेट्टाएकी छैनन् । सासूससुरा र देवरका विरुद्धमा कानुनी उपचार खोज्ने विषय त उनका लागि निकै टाढाको कुरा बनेको छ । यतिबेला श्रीमान्को मृत्यु भएको तीन वर्ष बित्दासमेत अंश पाउन नसकेका कारण उनका छोराछोरी विद्यालय जानबाट वञ्चित भएका छन् । सम्पत्ति पाउनका लागि उनले कानुनी उपचार भेट्टाउन सकेकी छैनन् ।
यसैगरी त्रिभुवननगर नगरपालिका(९ निवासी गिरी थरकी एक महिला श्रीमान्का कारण पीडित छिन् । श्रीमान् अर्की श्रीमती ल्याएर भारतमै बस्न थालेपछि आफूलाई अप्ठेरो परेको उनी बताउँछिन् । श्रीमान्ले अर्की श्रीमती ल्याएपछि गिरी यतिबेला आफ्नो बाँकी जीवन बिताउन आफ्ना भागमा पर्ने सम्पत्ति माग गरिरहेकी छिन् सासूससुरासँग । तीन छोराछोरीकी आमालाई यतिबेला गाउँलेले पनि साथ दिएका छैनन् । तँसँग विवाहदर्ता नै छैन । आधिकारिक श्रीमती त कान्छी हुन्छे, विवाह दर्ता नभए सम्पत्ति पाइँदैन भन्दै गाउँलेले समेत सासूससुरालाई सघाइरहेका छन् । विवाह दर्तासमेत नभएकाले सम्पत्तिको माग दाबीसहित कानुनी उपचारमा पुग्न सकेकी छैनन् उनी । कहाँ गएपछि न्याय पाइन्छ र कसरी जानुपर्छ भन्ने सामान्य परामर्श दिने साथी उनीसँग छैन ।

उता लोग्नेले बारम्बार हत्याको प्रयास गर्दासमेत बाँच्न सफल भएकी बिजौरी गाविस जहदा गाउँ निवासी रेखा पोखरेल घरबाट निस्किएकी छिन् । श्रीमान्बाट मारिने डरले पोखरेल छिमेकीकहाँ शरण लिन बाध्य छिन् । विगत एक वर्षअघिदेखि श्रीमान् सुनिल पोखरेलबाट शारीरिक तथा मानसिक यातना खेप्दै आइरहेकी रेखा तीन बच्चाबच्चीसहित लुक्दैछिप्दै बसिरहेकी छिन् । श्रीमान्ले कुटपिट गरेको मात्र नभई एकपल्ट त शरीरमा मट्टीतेल खन्याएर मार्न खोजेको थियो । ठीक त्यतिबेला गाउँलेले रेखालाई बचाएका थिए । रेखाका श्रीमान्ले परिवारलाई मात्र होइन सिंगो गाउँलाई आतंकित पार्दा पनि कसैले केही गर्न सकेको छैन न त त्यसका लागि उनीहरूले कानुनी उपचारको प्रक्रिया नै सुरु गर्न सकेका छन् ।

कानुनी रूपले महिला र पुरुषका बीचमा त्यतिधेरै असमानता नरहेको भए पनि अनेकौं कारणबाट पीडित भइरहेका महिलाहरूले कानुनी उपचारको प्रयास गर्न सकेका छैनन् । श्रीमान्, सासूससुरा, देवर वा नन्दबाट पीडित हुने महिलासँग पीडालाई

दबाउनुभन्दा अर्को विकल्प रहेको छैन । परिवारभित्रको समस्यालाई कम गर्नुको साटो स्थानीय बासिन्दाहरू आगोमा घ्यू थप्ने काम गरिरहेका भेटिन्छन् । जसको फलस्वरूप महिलाहरू आफ्नो हकअधिकारका लागि लड्न सकिरहेका छैनन् ।

दाङ जिल्लामा मात्र होइन अधिराज्यभरमा न्यायका लागि अदालतको ढोकासम्म पुग्ने महिलाको संख्या न्यून रहेको छ । परिवार एवं गाउँ समाजको डर मान्दै महिलाहरू कानुनको ढोकासम्म पुग्न नसक्दा दिनप्रतिदिन रामकुमारी, गिरी र रेखाजस्तै थुप्रैले चरम यातना भोगिरहेका छन् ।
राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रूपमा विद्यमान कानुनले महिलालाई भेदभाव नगर्ने र भेदभाव गर्ने पक्षलाई दण्डित गर्ने व्यवस्था गरेको कानुनसँग सम्बन्धित व्यक्तिहरू बताउँछन् । व्यवहारतः महिलाहरूको पहुँच यहाँसम्म पुग्न सकेको देखिँदैन ।

यातना तथा क्रूरताविरुद्धको अधिकारलाई महत्वपूर्ण मानवअधिकारको रूपमा सर्वप्रथम मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ५ र त्यसपछि सन् १९७९ मा पारित भएको महिलाविरुद्ध सबै प्रकारका भेदभावहरू उन्मूलनसम्बन्धी अभिसन्धिमा महिला र पुरुषको समान अधिकारको व्यवस्था गरेको छ । तर, महिलाहरूले सामाजिक विभेदका अलावा यातना खेपिरहेका छन् ।

१० डिसेम्बर १९८४ मा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको यातना तथा क्रूर र अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको अन्तर्राष्ट्रिय अभिसन्धि महत्वपूर्ण मानिन्छ । अधिसन्धिको धारा २ देखि १६ सम्म यातनाका कुनै पनि कार्यलाई रोक्न सम्बन्धित पक्ष राष्ट्रको दायित्व निर्धारण गरिएको छ । तर, व्यवहारतः न त महिलाहरू सम्मानपूर्ण जीवन जिउन पाइरहेका छन् न त आफूमाथिको यातनाका विरुद्धमा कानुनी उपचारको बाटो समाउन सकेका छन् ।
महिलाहरूले घरभित्रै भोगिरहेका यातनाका विषयमा कानुनी उपचारको बाटो खोज्न सामाजिक वातावरणले अवरोध पुऱ्याएको देखिन्छ । नेपाल बार एसोसिएसन जिल्ला बार इकाइ दाङको पहलमा सञ्चालित कानुनी सहायता परियोजनाका प्रमुख अधिवक्ता सुषमा गौतम कानुनी उपचारका लागि आउन नसक्नुमा विविध कारण कुरा औंल्याउनुहुन्छ ।

अशिक्षा, गरिबी, पितृसत्तात्मक परिवेश आदि कारणले महिलाहरू आफ्नो पीडालाई कम गर्न सकिरहेका छैनन् । कतिपय अवस्थामा श्रीमान् गुमाएपछि परिवारका सदस्यबाट महिला पीडित हुने गरेका छन् । अधिवक्ता गौतम महिलाहरूको पहुँच न्यायालयसम्म पुऱ्याउन महिलाको कुरा सुन्ने छुट्टै व्यवस्था न्यायिक अदालत हुनुपर्ने बताउनुहुन्छ । महिलाहरूका कुरा सुन्ने छुट्टै व्यवस्था नहुँदासम्म महिलाहरूले आफ्ना पीडा कम गर्न कानुनी उपचारको बाटो अपनाउन नसक्ने उहाँ बताउनुहुन्छ । गौतम प्रशासनिक निकायसम्म पुग्न सक्ने महिला त्यहाँ पनि पीडित बन्नु परिरहेको बताउनुहुन्छ ।
समाज विकासका लागि आवश्यक पर्ने महिला र पुरुषको संरचनालाई जोगाइराख्न पनि महिलाविरुद्ध विद्यमान यातनाका घटनाहरू बन्द हुनु जरुरी छ ।